# सुनकोशीमा पुल नबन्दा सास्ती

♦ हाम्रोमत संवाददाता

*खोटाङ, २० चैत*

खोटाङको बराहपोखरी गाउँपालिका ५ पौवासेरा र उदयपुरको चौदण्डीगढी नगरपालिका-१ चौदण्डीगढी जोड्न वंशिलाघाटमा सुनकोशी नदिमाथि झोलुङ्गे पुल बनेपनि मोटरेबल पुलको अभावमा खोटाङको दक्षिणी क्षेत्रका नागरिक सकसपूर्ण यात्रा गर्न बाध्य छन् ।

झोलुंगे पुलले वंशिलाघाटको डुंगा विस्थापित गरेपनि गह्रौं सामान झोलुङ्गे पुलबाट तार्न सकस भइरहेको स्थानीयले बताएका छन् ।

झोलुंगे पुल बन्नुअघि बंशिलाघाट नजिकै रहेको बुवाँजोरघाटमा काठको डुंगा चलाउने गरिन्थ्यो । वंशिलाघाटमा पक्की पुलको आवश्यकता भएपनि बन्ने छाँट नदेखिएको स्थानीयको भनाइ छ । पुल नहुँदा स्थानीयले भोजपुर वा फोक्सिङटारको बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ ।



वंशिलाघाट खोटाङको बराहपोखरी गाउँपालिका, जन्तेढुंगा गाउँपालिका र खोटेहाङ गाउँपालिकाका सर्वसाधारण पूर्वी शहर बाहिरिने र भित्रिने प्रमुख नाका हो । वंशिलाघाटमा बनेको झोलुंगे पुलबाट स्थानीयको दैनिक बाक्लो ओहोरदोहोर भइरहन्छ ।

जन्तेढुंगा र बराहपोखरीका स्थानीयले उदयपुरको बेलटार, बसाहा लगायतका बजारबाट वंशिलाघाट तारेर दैनिक उपभोग्य सामग्रीदेखि सिमेन्ट, रड लगायतका निर्माण सामग्री भित्र्याउने गरेका छन् । वंशिलाघाटको वारिपारि कच्ची सडक बनिसकेको र मालबाहक सवारी साधन ओहोरदोहोर गरिरहेको भएपनि मोटरेबल पुल निर्माण नहुँदा स्थानीय उपभोग्य सामग्री ढुवानीमा समस्या झेल्न बाध्य बनेको कांग्रेस जन्तेढुंगा सभापति बाजिन्द्र बिष्टले बताए ।

वंशिलाघाट तराईबाट नुनदेखि सुन भित्र्याउने तथा सुन्तला, अलैंची, अम्लिसो, तेजपात लगायतका स्थानीय उपज निर्यात गर्ने मुख्य बाटो हो । वंशिलाघाटबाट सुनकोसी पार गरेपछि उदयपुरको बेलटार हुँदै इटहरी, विराटनगर, धरान लगायतका सहर पुगिन्छ ।

जन्तेढुंगा गाउँपालिकाको चिसापानी बजारबाट मौवाबोटे-पौवासेरा हुँदै बंशिलाघाट पुग्ने कच्ची सडक २०७२ सालमा बनेको हो । उदयपुरतर्फ २०७० सालअघि छुइलासम्म र २०७२ देखि छुईलाबाट वंशिलाघाटसम्म सडक विस्तार भएको थियो । बंशिलाघाटबाट पैदल अढाइ घण्टामा बेलटार झरिन्छ ।

खोटाङका गठबन्धन दलले वंशिलाघाटमा पक्की पुल निर्माण नभएसम्मका लागि फेरी वा बेलिब्रिज जडानको माग गरेका छन् । कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका नेताले प्रदेश १ का मुख्यमन्त्री राजेन्द्र राईलाई ८ चैतमा मागपत्र बुझाउँदै वंशिलाघाटमा यातायातका सवारी साधन ओहोरदोहोर गर्न मिल्नेगरी फेरी वा बेलिब्रिज जडानको व्यवस्थाका लागि माग गरेका हुन् ।



विपी भट्टराई, युवा नेता
नेकपा समाजवादी उपसचिव, जिल्ला कमिटी

# अहिले एमाले होइन, ओली गुट मात्रै बाँकी छ

**नेकपा एकीकृत समाजवादी झापाका युवा नेता विपी भट्टराई अहिले सो दलको झापा जिल्ला कमिटी उपसचिव छन् । तत्कालीन नेकपा एमालेको मेचीनगर सचिवको जिम्मेवारी सम्हालिसकेका भट्टराई यतिबेला समाजवादीको संगठन सुदृढीकरणमा क्रियाशील छन् । स्थानीय चुनाव नजिकै आउँदै गर्दा नेकपा एकीकृत समाजवादी झापामा के गर्दैछ, कसरी चुनावी अभियानमा होमिएको छ, समाजवादीको झापाको अवस्था आदिबारे नेता भट्टराईसँग हाम्रोमतले गरेको कुराकानी प्रस्तुत छ ।**

**■ नेकपा एकीकृत समाजवादी झापामा के गर्दैछ अहिले ?**

हामी संगठन निर्माणमा तीव्र रुपमा लागेका छौं । हालसम्म झापामा एक सय वटा वडा कमिटी बनिसकेका छन् । अहिले टोल कमिटी बनाउन लागिरहेका छौ । उत्साहका साथ संगठन विस्तारको काम भइरहेको छ ।

**■ नेकपा एमालेका नेताहरु त झापामा समाजवादीको कुनै अस्तित्व छैन भनिरहेको छ त ?**

हाम्रो अस्तित्व छ कि छैन भन्ने कुराको फैसला गर्ने जनता हुन्, एमाले नामको गुट होइन । एमाले नामको कम्पनीका मालिक केपी ओलीदेखि उनका दासहरु सबैले जानेको भनेकै उडाउने, उडन्ते कुरामा रमाउने हो । त्यसैले उनीहरुले के भन्छन् भन्ने कुरा पटक्कै महत्वको विषय होइन । हामी झापामा दिनप्रतिदिन बलियो बन्ने क्रममा छौं । आउँदै गरेको चुनावबाट यो तथ्य स्थापित हुनेछ ।

एमालेका साथीहरु हामी गठबन्धन नभए पनि एक्लै लड्न सक्षम छौ कसैको बैशाखी टेक्न जरुरी छैन भन्दै हिँड्थे । तर, केही दिनयता हामी देख्दैछौं, उहाँहरु राप्रपासँग तालमेल गर्न खोज्दै हुनुहुन्छ । यसरी आफ्नो अस्तित्व रक्षाका लागि राप्रपासामु गिडगिडाउनेहरुले अरुको अस्तित्वबारे वस्तुनिष्ठ मुल्यांकन गर्दैनन् ।

**■ झापामा गठबन्धनबारे तयारी कसरी अघि बढिरहेको छ ?**

जिल्लामा गठबन्धन दलहरुबीच निरन्तर छलफल र संवाद चलिरहेको छ । विभिन्न तहमा चलेका यी छलफलहरुले गठबन्धनलाई अझै बलियो बनाउने दिशा दिएका छन् । हामी गठबन्धनका दलहरुबीच जिल्लादेखि वडा, टोलसम्मै संयन्त्र बनाउने, छलफललाई तीव्रता दिने काम भइरहेको छ ।

**■ गठबन्धन प्रभावकारी हुनेमा कतिको आशावादी हुनुहुन्छ ?**

गठबन्धन मुलुकको आवश्यकतामा आधारित हो । यो गठबन्धनको प्रभावकारिता मुलुकको संविधान र व्यवस्थाको सुरक्षासँग जोडिएको छ । संविधान ध्वस्त पार्ने, दक्षिणपन्थी यात्रामा देशलाई अग्रसर पार्नेहरुविरुद्धको यो गठबन्धन प्रभावकारी हुनेमा कुनै शंका छैन ।

**■ तर, गठबन्धनको सबैभन्दा ठूलो दल काँग्रेसभित्र त फरक मत धेरै देखिएको छ नि ?**

काँग्रेसले केन्द्रबाटै तालमेल गर्ने निर्णय गरिसकेको सन्दर्भमा फरक मतहरुले असर नगर्ने निश्चित छ । तर, गठबन्धन र यसको आवश्यकताबारे हामीले भारतीय पाठलाई मनन गर्न जरुरी छ । सन् २०१४ पछि भारतमा सबैले मोदी समस्या हो भने बुझे अनि २०१९ मा पनि मोदी समस्या हो भन्ने निष्कर्श निकाले । तर, कन्यैह्याकुमारहरुले गठबन्धन गरे चुनाब लडौं भन्दा सबैले घमन्ड देखाए । अलग-अलग भिडे । अहिले काँग्रेसका गगन थापाहरुले जस्तै । फलस्वरूप मोदी नै आए । उनी नै बलियो बनेर देखापरे । यदि विपक्षीहरुले गठबन्धन गरेका भए मोदीबाट भारतले मुक्ति पाउन सक्थ्यो । यहाँ पनि समस्या के हो भन्ने थाहा पाएपछि त्यो समस्यालाई मिलेर हटाउने हो । त्यस्मा अनावश्यक घमन्ड गरेर अंकगणितको मात्रै जोड घटाउ गर्न थाल्यो भने परिणाम ठीक आउँदैन ।

**■ चुनाव आउँदै गर्दा एमालेबाट अलग नभएको भए हुनेरहेछ भन्ने लाग्दैन ?**

बिल्कुलै लाग्दैन । तपाइँले चुनावी हारजितको कुरालाई इंगित गर्न खोज्नुभएको हो भने हामीले एजेण्डा जितेका छौं । चुनाव पनि जित्नेछौं । खासमा अहिले एमाले भन्ने पार्टी नै छैन । तपाईं जसलाई एमाले भन्नु हुँदैछ त्यो ओली गुट मात्रै हो । २०७५ जेठ ३ गते ओली ले नै अब एमाले सकियो । मर्‍यो भनेर घोषणा गरेका हुन् । मरिसकेपछि फेरि उस्तै जन्म्यो भन्ने भ्रम रहन सक्छ तर दुरुस्त हुन सक्दैन ।

उहाँहरु त्यही जन्मियो भन्दै हिंड्दै हुनुहुन्छ । ओली आफै परमादेशवाला सरकार भन्दै कुर्लिन्छन् तर उनको पार्टी पनि परमादेशबाट नै बनेको हो भन्ने चाहिँ कहिल्यै भन्दैनन् । एमाले भन्ने पार्टी नै अदालतले नै बनाइदिएको हो । त्यसैले एमाले इतिहास हो वर्तमान मा होइन । फेरि अहिले एमालेभित्र ठूलो समस्या छ । त्यहाँ केही सैद्धान्तिक बहसको कुनै स्पेस बाँकी छैन । अध्यक्षको प्रतिवेदनमाथि टिप्पणी गर्न नपाइने निर्णय केही दिन अघि हामीले देख्यौं । लोकतान्त्रीकरणको बहस त्यहाँ हुन्छ भन्ने कल्पना पनि गर्न नसकिने भएको छ । त्यहाँ सबैका अनुहार मलिन छन् । त्यही अवस्थाबाट विद्रोह गरेर हामीले समाजवादी जन्माएका हौं ।

## पहिलो पृष्ठबाट बाँकी

### रोपाईंअगावै...

'यो धान तुलनात्मक रुपमा अन्य जातका धान भन्दा सस्तो लगानीमा त्यति नै मात्रामा उत्पादन हुन्छ,' तिम्सिनाको भनाइ छ, ' अब नेपालमा मसिना र वास्नादार धान उत्पादनमा ध्यान नदिए हाम्रो परनिर्भरता अझै बढ्ने देखिन्छ, त्यसकारण यस्ता कार्यक्रमलाई हामी प्रवर्द्धन गर्छौं ।'

कम्पनीले चैते धानमा करिब १०० देखि १५० बिघामा किसानसँग करार गरेर खेतीको काम गरिरहेको जनाएको छ । मिल सञ्चालन गर्न करिव ११ हजार टन वर्षे धान चाहिने भएकोले किसानसँग शर्तनामामा किन्ने चाहना राखेको जनाएको छ । यसरी धानको मूल्य धान लगाउनु भन्दा पहिले नै घोषणा गर्ने नेपालको पहिलो मिल आफूहरुको भएको सो कम्पनीले दाबी पनि गरेको छ ।

### पहिले...

जसअनुसार स्थायी लालपूर्जासहितको सम्मानजनक विकल्प विना कुनै पनि वहानाको उठीबास तत्काल नीतिगतरुपमा सधैंको लागि बन्द गरि विगतमा राज्यबाट अन्जानमा उठीबास गरेकाहरुलाई समेत उचित मुआब्जा(क्षतिपूर्ति)सहित पुर्नबास गरिनुपर्ने घोषणा पत्रमा उल्लेख छ ।

सुकुम्बासी क्षेत्रमा हुने प्राकृतिक विनासको नियन्त्रण तथा वृहत्तर सुकुम्बासी क्षेत्र विकास कोषको स्थापना गरि प्रत्येक समुदायमा बाटो, पानी, विद्युतलगायत आधारभुत आवश्यकता विना अवरोध प्रदान गरिनुपर्ने पनि उल्लेख छ । नेपालका संविधान २०७२ लाई बसोबासको आधार बर्ष मानेर जोखिममुक्त समुदायलाई बसेकै ठाउँमा र जोखिमयुक्त समुदायलाई सहमतिमा भू-स्वामित्व लालपूर्जासहितको स्थानान्तरण गरि सुरक्षित एवं सम्मानजनक व्यवस्था गर्न पनि घोषणा पत्रमा माग गरिएको छ ।

प्रत्येक झुप्रा घर रंगीन बनाउन विना ब्याज प्रत्येक परिवारलाई २० बर्षको लागि ५ लाखदेखि ५० लाखसम्म आवास (घर) निर्माणको लागि सरकारले ऋण सहायता प्रदान गरि समृद्ध राष्ट्रको मर्म र भावना पुरा गर्नुपर्ने पनि माग गरिएको छ । बसिरहेको बस्तीमा वन, गुठी, ऐलानी प्रति, सामाजिक सामरिक लगायत जुन प्रकृतिको जग्गा भएपनि सिमाना संशोधन गरि बसोबास गरेकै बस्तीबासीको नाममा श्रेस्ता कायम गर्न पनि माग गरिएको छ । विगतको आयोगले वितरण गरेका अस्थायी पूर्जालाई तत्काल स्थायी गरी पहिला सुकुम्बासी भएर पछि आवादी जग्गा सम्पत्ति जोडेकालाई स्वेच्छिकबाहेक सुकुम्बासीको हकबाट पाउने कुनै पनि सुविधाबाट बञ्चित गर्न नहुने पनि माग गरिएको छ । सुकुम्बासीबाट तत्काल धुरीकर र भूमिकर उठाई बसोबासको वैधता प्रदान गरि शिक्षा र स्वास्थ्य निःशुल्क गर्दै एक घर एक रोजगारको कार्यक्रम ल्याएर धनी र गरिबबीचको खाडल पुर्दै समान नागरिक र समृद्धि नगर निर्माण गर्न पनि माग गरिएको छ ।

यसैगरी, फाष्ट ट्र्याकबाट लालपूर्जा दिने नीति अवलम्बन गरी सिधा स्थानीय तहको सिफारिशमा जिल्ला नापी कार्यालयबाट जग्गा नाप्ने र जिल्ला मालपोत कार्यालयबाट श्रेष्ता कायम गरि लालपूर्जा वितरणको कार्य तत्काल शुरु गर्न पनि माग गरिएको छ । यस्तै, हाल भूमि आयोगबाट वितरण हुने भनिएको पूर्जामा १० वर्षे अवधिको सर्त हटाउन पनि माग गरिएको छ ।

### धनकुटामा...


धनकुटाका संसद् राईतिर लक्षित गर्दै मन्त्री झाँक्रीले स्थानीय राजनीतिक नेतृत्व राम्रो नभएकाले धनकुटाबाट प्रदेश राजधानी खोसिएको बताइन् । उनले एमालेतर्फ इंगित गदै भनिन्, ' जनताले सही मानिस चयन नगरेका कारण धनकुटाले प्रदेश राजधानी मात्र गुमाएन । प्रतिनिधिका कारण जिल्लामा कर्मचारी आउन समेत चाहेका छैनन् ।'

मन्त्री झाँक्रीले एमालेलाई बनमाराको संज्ञा दिँदै हाल केन्द्रदेखि वडा तहमा भएको गठबन्धन आगामी ५ वर्षसम्म स्थायित्व हुने गरी निर्माण गरिएको बताइन् । कोभिडको मारमा परेका व्यवसायीका लागि सरकारले ल्याएको सरकारी रकम दुरुपयोग भएको जानकारी आएको बताएकी छन् । मन्त्री झाँक्रीले सरकारले ल्याएको बजेट धनकुटाका स्थानीय तहले दुरुपयोग गरेको बताइन् । एमालेमा नेपाली राजनीतिको घातक प्रवृत्ति रहेको बताउँदै मन्त्री झाँक्रीले धनकुटाका सबै स्थानीय तहमा एमाले भएकै कारण रकम दुरुपयोग भएको आरोप लगाइन् । उनले एमाले जस्तो घातक बादशाहको पतन अनिवार्य रहेको बताइन् ।

नेकपा (एकीकृत समाजवादी) की सचिव समेत रहेकी मन्त्री झाँक्रीले नागरिक आवास कार्यक्रम केपी ओली सरकारले कमिशनको लोभमा ल्याएको बताएकी छन् । उनले सो कार्यक्रमको सट्टा सरकारले नयाँ कार्यक्रम ल्याउन लागेको जानकारी दिइन् । ओली सरकारले ल्याएका बजेटविहीन योजना कटौती गरेको बताउँदै ओली सरकारले ल्याएका योजनामा दमक भ्युटावरमा मात्रै काम भइरहेको तथा अन्यमा बजेटविनै योजना आएको बताइन् ।

मन्त्री झाँक्रीले ओली सरकारले प्रदेश १ का झापा, मोरङ, सुनसरी तथा मधेश प्रदेशका सिरहा सप्तरीमा करोडौं बजेट विनियोजन गरिए पनि कुनै एकीकृत बस्ती आफूले नभेटेको बताइन् । सन्थाल बस्ती होस् वा चौधरी बस्ती र मुसहर एकीकृत बस्तीमा कुनै काम हुन नसकेको मन्त्री झाँक्रीको भनाइ छ । यी आयोजनामा भएको भ्रष्टाचारको खोजी गर्न अर्थ मन्त्रालयसँग समन्वय गरिसकेको उनको भनाइ छ । उनले नागरिक आवास र सुरक्षित आवासका सबै कार्यक्रम यसै आर्थिक वर्षमा अन्त्य गरिने बताइन् । मन्त्री झाक्रीले वडादेखि संघीय निर्वाचनसम्म गठबन्धन भएर निर्वाचनमा जाने बताउँदै गठबन्धन समयको माग भएको दाबी गरिन् ।

# कन्याम घुम्ने याम



तराईमा अलि बढी गर्मी महसुस हुने बित्तिकै चिसोको खोजीमा उक्लने गन्तव्य हो कन्याम । झापाबाट करिब २० किलोमिटर मात्र उत्तरमा रहेको कन्याम उक्लनुको अर्को मज्जा हरियो चिया बगानको बीचबाट सिउँदोजस्तै गरेर गएको मेची राजमार्गसमेत हो । तर, विशेष गरेर छिनछिनमा कुहिरोसँग लुकामारी खेल्ने कन्यामको घोडचढी र सांस्कृतिक पहिरनले धेरैलाई लोभ्याएको छ । युवा पुस्तामात्र नभएर बालकदेखि ज्येष्ठ नागरिकसम्म विभिन्न समुदायका सांस्कृतिक पहिरनमा ठाँटिएर कन्याममा राखिएका घोडामा चढेर फोटो खिच्न भ्याइहाल्छन् ।

पर्यटकहरू परम्परागत पहिरन र घोडामा नचढे कन्याम आएको निरर्थक मान्ने गरेको घोडचढी व्यवसायी संघका अध्यक्ष प्रेम तामाङ बताउँछन् । उनी कि त घोडामा पर्यटक घुमाइरहेका भेटिन्छन् कि त घोडाको लादी सोहोर्दै गरेको ।

'हरियो कार्पेट' जस्तो देखिने चिया बगानमा खिचेका फोटो सामाजिक सञ्जालमा अपलोड गरे लाइक र कमेन्ट थामिनसक्नु हुन्छ । विभिन्न जातजातिको पोशाकमा सजिएका भेटिन्छन् । 'कल्चरल ड्रेस' मा पर्यटक आकर्षित हुन थालेपछि यहाँका व्यवसायीले आफ्नो श्रमको मूल्यमात्र पाएका छैनन् राम्रो आम्दानी गर्न थालेका छन् ।

कोभिड संक्रमणपछि खुलेको कन्याममा अहिले आन्तरिक पर्यटकको थामिनसक्नु भीड हुने गर्छ । दैनिकजसो कन्याममा आन्तरिक पर्यटकले भरिएको हुन्छ । सूर्योदय नगरपालिकाको कन्याममा रहेको चिया बगान सूर्योदयको दृश्यावलोकन, हाइकिङ गर्न र चियाबारे अध्ययन गर्नेको रोजाइ बन्दै गएको छ । प्रदेश १ सरकारले पर्यटकीय नगरी घोषणा गरेको कन्याम पूर्वी नेपालको हनिमुन गन्तव्यका रूपमा समेत चर्चित हुँदै गएको छ ।

# तेली साह समाजलाई जग्गादान

♦ हाम्रोमत संवाददाता

*विराटनगर, २० चैत*

तेली साह समाजको भवन निर्माणका लागि मोरङ जहदाका लाखपति साहले १० लाख रुपैयाँ मूल्य बराबरको जग्गा दान गरेका छन् । जहदा २ का साहले समाजको भवन निर्माण गर्न २ कठ्ठा १ धुर जग्गा दान गरेका हुन् ।

शनिबार आयोजित तेली साह समाजको जहदा पालिकाको भेलामा जग्गादाता लाखपति साहलले जग्गा दान गर्ने घोषणा गरेका हुन् । जिल्ला तेली साह कल्याण समितिका अध्यक्ष नरेन्द्रप्रसाद साहको प्रमुख आतिथ्यतामा भएको भेलामा समाजमा योगदान गर्ने विशिष्ठ व्यक्तिहरुलाई पनि सम्मान गरिएको थियो । भेलाबाट सोहितकुमार साहको अध्यक्षतामा १५ सदस्यीय तेली साह समाज जहदाको कार्यसमिति निर्वाचित भएको छ । भेलाले रामदेव साह र श्रवण साहलाई उपाध्यक्ष, राजकुमार साहलाई सचिव, दिलिप साह र मनतोषकुमार साहलाई सहसचिव तथा सवितादेवी साहलाई कोषाध्यक्षमा निर्वाचित गरेको थियो ।




**Sana Traders द्वारा बिक्री वितरण गरिँदै आएको निम्न विवरणका माल वस्तुहरुको अधिकतम् खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| सि. नं. | पैठारीकर्ताको नाम, ठेगाना | स्थाली लेखा नम्बर | सामानको नाम | ब्राण्ड | मोडल | अधिकतम् खुद्रा बिक्री मूल्य | कैफियत भारत |
|---|---|---|---|---|---|---|---|
| 1. | Sana Traders | 608645094 | Electric E-Rickshaws | Mayuri | Mayuri Deluxe | ब्याट्रीबाहेक रु. १४८०००। करसहित<br>ब्याट्रीसहित रु. २१३०००। करसहित | |

**Sana Traders** Katahari-1
Contact No. : 9808747509

## Shadananda Municipality
Office of The Municipal Executive
Dingla, Bhojpur
Province No. 1

### Invitation for Electronic Bids

**Second Date of publication: 4th April, 2022**

1. Shadananda Municipality, Dingla, Bhojpur invites electronic bids from Nepalese eligible bidders for procurement of following works.

| SN | Contract Identification No. | Name of Project | Estimated Amount (with VAT and PS) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Document NRs. | Opening of Bid |
|---|---|---|---|---|---|---|
| 1 | Shadmun/W/SQ/11/078/79 | Construction of Dingla Public Toilet | 17,53,029.92 | 45000.00 (30 days beyond Bid Validity Period) | 1000.00 | 19th April, 2022 13:00 Hrs |
| 2 | Shadmun/W/SQ/12/078/79 | Dingla Park Nirman | 19,45,565.65 | 50000.00 (30 days beyond Bid Validity Period) | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of PPMO's website www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Rastriya Banijya Bank Ltd, Dingla**
   Name of Office: **Shadananda Municipality, Dingla, Bhojpur**
   Office Account no: **2290100301010002** (GA -1 1 Antarik Rajaswa Khata)
   Office Account no: **2290100303000002** (GA -3 Dharauti Khata)
4. Other related rules and regulations are as per Public Procurement Act-2063 and Public Procurement Regulations-2064 following all revisions and other prevailing law of Nepal.

**Chief Administrative Officer**




गाडी चाहिएमा हामीलाई सम्झनुहोस्
सूर्यकिरण यातायात
विराटनगर-काँकडभिट्टा
गाडी नं. ना ५ख ४६५
सम्पर्क : ९८०७३३७८३२
विराटनगरबाट इटहरी, उर्लाबारी, दमक, बिर्तामोड जानका लागि सधैं दिवा सेवा हामीलाई सम्झनुहोस् ।



साथै रिजर्भ गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

